**मिति २०७७ फागुन २८ गते (वि.सं. २०७७।११।२८) शुक्रबार तुलसीपुर उपमहानगरपालिकाको ८औं नगरसभा बैठकका निर्णयहरु :**

**निर्णय नं. १**

तुलसीपुर उपमहानगरपालिका वडा नं. १३ का वडा अध्यक्ष डम्बर बहादुर न्यौपानेको निधन एवं अज्ञात सहिदहरु प्रति हार्दिक श्राद्धन्जली ब्यक्त शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं २.**

तुलसीपुर उपमहानगरपालिकाले आवश्यक प्रकृयाबाट नगरको पहिचानको रुपमा रहेको लोगो निर्माण गर्न बिभिन्न कम्पनी ,फर्म तथा ब्यक्तिहरुलाई अनुरोध गरेकोमा प्राप्त लोगोहरु मध्ये तुलसीपुर १५ बस्ने प्रेमराज चौधरीको लोगो प्रतिस्पर्धामा उर्तिण भएकोले सोहि लोगोलाई अब उप्रान्त प्रयोगमा लयाउने गरी लोगो स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

तुलसीपुर उपमहानगरपालिकाको चालु आ.ब. २०७७/०७८ को बिनियोजित बजेट तथा कार्यक्रम र योजनाहरु Covid 19 का कारण तोकिएको समयमा भित्र सम्पन्न नहुने र आशातित उपलब्धी समेत हासिल नहुने देखिएकोले सम्बन्धीत बजेटलाई रकमान्तर तथा शिर्षकान्तर गर्न सबै वडापालिकाबाट सिफारिस भई आएको र कार्यपालिका बैठकले समेत रकमान्तर र शिर्षकान्तरका लागि नगरसभालाई सिफारिस गरेकोले नगरस्तरीय योजनाहरुलाई अनुसूचि १ र वडा स्तरीय योजनाहरुलाई अनुसूचि २ कायम गरी रकमान्तर तथा शिर्षकान्तर गर्ने निर्णय गरियो ।

**निर्णय नं ४**

तुलसीपुर उपमहानगरपालिकाका तपसिल बमोजिमका बिधेयकहरु आठौ नगरसभामा प्रस्तुत भएकोले मिति २०७७।१२।६ गते सम्म सबै सभाषद ज्यूहरुले अध्ययन गरी सोको रायसुझाव तथा प्रतिकृया लिखित रुपमा बैठक ब्यवस्थापन शाखामा दिने निर्णय गरियो ।

| क्र.स. | बिधेयकहरु : |
|---|---|
| १ | वातावरण तथा जैबिक विविधता संरक्षण बिधेक,२०७७ |
| २ | जलाधार संरक्षण बिधेयक |
| ३ | जग्गा नापजांच बिधेयक |
| ४ | तुलसी मेडल र मानपदबी/पदक सिफारिस तथा प्रदान गर्ने सम्बन्धी बिधेयक,२०७७ |
| ५ | तुलसीपुर जनशक्ति स्रोत केन्द्र सञ्चालन तथा ब्यवस्थापन गर्न बनेको बिधेयक,२०७७ |

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

नि. प्रमुख प्रशासकीय अधिकृत

घनश्याम पाण्डे
प्रमुख

**मिति २०७७ फागुन २८ गते (वि.सं. २०७७।११।२८) शुक्रबार तुलसीपुर उपमहानगरपालिकाको ८औं नगरसभा बैठकका निर्णयहरु :**

**निर्णय नं. ५**

तुलसीपुर उपमहानगरपालिकाको बिपद जोखिम न्युनीकरण तथा ब्यवस्थापन ऐन,२०७५ को दफा ३ को उपदफा २ को खण्ड **त** सम्म मात्र समितिको सदस्य राख्ने ब्यवस्था भएकोले उपदफा **थ** थप गरी जनस्वास्थ्य पबर्द्धन शाखा थप गर्न ८ औं नगरसभामा पेश भएकोले त पछि थ थप गरी जनस्वास्थ्य पबर्द्धन शाखा थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

तुलसीपुर उपमहानगरपालिकाको कवाडी जिबजन्तु तथा पशुपंक्षीको ब्यवसायीक कर उठाउने ठेक्का आ.ब. २०७७/०७८ मा रु. २०,००,०००। (बीसलाख मात्र) निर्धारण गरिएकोमा आगामि आ.ब. २०७८/०७९ को लागि सो अंकमा १०प्रतिशत बृद्धि गरी रु. २२,००,०००। (बाईसलाख मात्र) निर्धारण गरी ठेक्का प्रकृयाबाट कर उठाउने निर्णय गरियो ।

**निर्णय नं. ७**

तुलसीपुर उपमहानगरपालिकाको बिधायन समितिका संयोजक श्री देबवराज बिश्वकर्मा राष्ट्रिय दलित आयोगको अध्यक्ष मा मनोनित हुनुभएकोमा उहाको सफल कार्यकाल सहित हार्दिक बधाई तथा शुभकामना दिदै हाल रिक्त रहेको बिधान समितिको संयोजकमा कार्यपालिका सदस्य श्री अमर नेपालीलाई मनोनित गर्ने निर्णय गरियो ।

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

नि. प्रमुख प्रशासकीय अधिकृत

घनश्याम पाण्डे
प्रमुख